# लोक सेवा आयोगका सूचनाहरु

## लोक सेवा आयोग, केन्द्रीय कार्यालय

### सूचना तथा प्रकाशन शाखा

## पदसंख्या संशोधन तथा नयाँ विज्ञापन गरिएको सूचना

**सूचना नं. ३५७/०७८-७९** **प्रकाशन मितिः २०७८/०७/१७**

राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका (प्राविधिक/अप्राविधिक) तथा स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरुको पदपूर्तिको लागि २०७८/६/२७ गते बढुवा सूचना तथा विज्ञापन प्रकाशन भएकोमा आयोगको मिति २०७८/७/१५ को निर्णय अनुसार उक्त सूचनामा देहाय अनुसारका पदसंख्या संशोधन तथा नयाँ विज्ञापन/बढुवा सूचना थप गरिएको छ। पूर्व प्रकाशित विज्ञापनको एकल दस्तुर अवधि (खुला/समावेशीको हकमा २०७८/७/१६ र बढुवाको हकमा २०७८/७/३०) सम्म योग्य उम्मेदवारहरुले तल उल्लेखित शर्तको अधीनमा रही दरखास्त दिनुपर्नेछ।

**क) संशोधित बढुवा सूचना तथा खुला विज्ञापन**

| क्र.सं. | बढुवा सूचना नम्बर/ विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | श्रेणी/तह | किसिम | विज्ञापित पदसंख्या | थप पदसंख्या | कायम पदसंख्या |
|---|---|---|---|---|---|---|---|
| १. | ११/०७८-७९ | इञ्जि., सिभिल, जनरल | रा.प.प्रथम | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | ३ (तीन) | १ (एक) | ४ (चार) |
| २. | १६६६९/०७८-७९ | न्याय, न्याय | रा.प.द्वितीय | खुला पुनः विज्ञापन | १ (एक) | १ (एक) | २ (दुई) |
| ३. | १७२५४/०७८-७९ | स्वास्थ्य, ज.हे.स. | नवौं तह | खुला पुनः विज्ञापन | १ (एक) | १ (एक) | २ (दुई) |

**ख) नयाँ बढुवा सूचना तथा खुला विज्ञापन**

| क्र.सं. | बढुवा सूचना नम्बर/ विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | श्रेणी/तह | किसिम | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| | | | | | | समय : दिनको १.०० बजे | | |
| १. | १२२/०७८-७९ | इञ्जि., सिभिल, हाइड्रोलोजी | रा.प.प्रथम | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) | | | |
| २. | १२३/०७८-७९ | इञ्जि., सर्भे | रा.प.द्वितीय | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) | | | |
| ३. | १६६८३/०७८-७९ | न्याय, सरकारी वकिल | रा.प.प्रथम | मधेसी पुनः विज्ञापन | १ (एक) | २०७८/०९/०४ | २०७८/०९/०५ | २०७८/०९/०८ |
| ४. | १६६८४/०७८-७९ | न्याय, न्याय | रा.प.द्वितीय | आ.ज. पुनः विज्ञापन | १ (एक) | | | |
| ५. | १६६८५/०७८-७९ | न्याय, न्याय | रा.प.द्वितीय | मधेसी पुनः विज्ञापन | १ (एक) | | २०७८/१०/२१ | |
| ६. | १६६८६/०७८-७९ | न्याय, न्याय | रा.प.द्वितीय | पि.क्षे. पुनः विज्ञापन | १ (एक) | २०७८/१०/२० | | |
| ७. | १६६८७/०७८-७९ | न्याय, कानून | रा.प.द्वितीय | खुला पुनः विज्ञापन | १ (एक) | | २०७८/१०/२७ | |
| ८. | १६६८८/०७८-७९ | न्याय, सरकारी वकिल | रा.प.द्वितीय | खुला पुनः विज्ञापन | १ (एक) | | २०७८/१०/२८ | |
| | | | | | | समय : बिहान ८.३० बजे | | |
| ९. | १७२६६/०७८-७९ | स्वास्थ्य, डर्माटोलोजी, लेप्रोलोजी एण्ड भेनेरल डिजिजेज | नवौं तह | दलित पुनः विज्ञापन | १ (एक) | | २०७८/१०/२३ | |
| १०. | १७२६७/०७८-७९ | स्वास्थ्य, जनरल नर्सिङ्ग | नवौं तह | अपाङ्ग पुनः विज्ञापन | १ (एक) | २०७८/०९/२४ | २०७८/१०/२४ | |
| ११. | १७२६८/०७८-७९ | स्वास्थ्य, आयुर्वेद, कौमारभृत्य | नवौं तह | महिला पुनः विज्ञापन | १ (एक) | | २०७८/१०/२५ | |

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तर्फका उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(घ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(ङ) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(च) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क बमोजिम सम्भाव्य उम्मेदवार हुनुपर्नेछ साथै बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(छ) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको हुनुपर्नेछ। निजामती सेवा ऐन, २०४९ को दफा २४क, २४ख, २४ग र २४घ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्यांकन निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम गणना हुनेछ। महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) अनुसार हुनेछ। निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनुपर्नेछ।

(ज) खुला/समावेशीको हकमा २०७८/७/१६ र बढुवाको हकमा २०७८/७/३० सम्म हासिल गरेको शैक्षिक योग्यता, तालिम एवं अनुभवको अवधिमात्र मान्य हुनेछ।

(झ) बढुवा तर्फ आवेदन गर्ने उम्मेदवारहरुले लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी मिति २०७८/०८/२१ सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

(ञ) खुला तथा समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुले २०७८/८/७ सम्म दरखास्त दिनुपर्नेछ। दोब्बर दस्तुर तिरी मिति २०७८/८/१४ गते सम्म दरखास्त दिन सकिनेछ।

(ट) रा.प. प्रथम श्रेणीका लागि दरखास्त दस्तुर रु. १,५००।- (एक हजार पाँच सय) र रा.प. द्वितीय श्रेणी तथा स्वास्थ्य सेवाका नवौं तहका लागि रु १,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ।

(ठ) दरखास्तका अन्य शर्तहरु २०७८/६/२७ मा प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिम हुनेछन्।

## आवश्यक न्यूनतम योग्यता

**अ) निजामती सेवातर्फ**

सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा राजपत्रांकित द्वितीय श्रेणीको पदको हकमा पाँच वर्ष र राजपत्रांकित प्रथम श्रेणीको पदको हकमा सात वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

**आ) स्वास्थ्य सेवातर्फ**

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची- ६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा नवौं तहको हकमा पाँच वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी परिषद्मा दर्ता/नवीकरण भएको हुनुपर्नेछ।

## *आवश्यक न्यूनतम शैक्षिक योग्यता*

१. **नेपाल न्याय सेवा, न्याय, कानून, सरकारी वकिल समूह** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **कन्सल्टेण्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी, लेप्रोलोजी र भेनेरल डिजिजेज** : मान्यता प्राप्त शिक्षण संस्थाबाट डर्माटोलोजी, लेप्रोलोजी र भेनेरल डिजिजेज विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

३. **अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग** : मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

४. **कन्सल्टेण्ट कौमारभृत्य चिकित्सक, स्वास्थ्य, आयुर्वेद, कौमारभृत्य** : मान्यता प्राप्त शिक्षण संस्थाबाट बाल रोग वा कौमारभृत्यमा स्नातकोत्तर उपाधि प्राप्त।